REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 06.07.2026

## 14 औं दलाई लामाको 91औं जन्मदिन समारोहमा मुख्यमन्त्रीको उपस्थिति

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले 14 औं दलाई लामाको एकान्नबेऔं जन्मदिन समारोहमा भाग लिनुभयो। उहाँले परम पुजनीय दलाई लामाको सुस्वास्थ्य, दीर्घायु, प्रसन्नता र उहाँबाट निरन्तर मार्गदर्शनको लागि प्रार्थना गर्नुभयो।

श्री तामाङले गान्तोक जिल्लाको चाँदमारीमा नवनिर्मित तिब्बती सामुदायिक केन्द्रको उद्घाटन गर्नुभयो र मित्रता, पारस्परिक सम्मान र तथा एकताको प्रतीकको रूपमा त्यसलाई सरकार तथा सिक्किमका जनताको तर्फबाट तिब्बती समुदायलाई समर्पित गर्नुभयो।

## आज DAC गान्तोकमा SIR 2026 बैठक सम्पन्न

गान्तोक जिल्लाका निर्वाचन दर्ता अधिकारीहरू (EROS) ले आज जिल्ला प्रशासनिक केन्द्र (DAC), सिचेमा मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरूसँग मतदाता नामावलीको चलिरहेको विशेष गहन संशोधन (SIR) 2026 बारे छलफल गर्न बैठक आयोजना गरे।

गान्तोकका अतिरिक्त जिल्लापाल-सह-निर्वाचक दर्ता अधिकारी, सिसुम वाङ्चुक भुटियाले भने, मतदाता नामावलीको मस्यौदा हिजो प्रकाशित गरिएको थियो र मान्यता प्राप्त राजनीतिक दलहरू र जनताद्वारा निरीक्षण र प्रमाणीकरणको लागि उपलब्ध छ ।

श्री भुटियाले दावी र आपत्ति दर्ता गर्ने अवधि 5 जुलाई देखि 4 अगस्ट सम्म रहेको जानकारी दिए। संशोधन अवधिमा सहभागीहरूलाई गान्तोक जिल्लाका सबै विधानसभा क्षेत्रहरूमा दावी र आपत्ति पेश गर्ने तोकिएको स्थानहरू पनि सूचित गरियो।

## सिक्किम सरकारको सहकारी विभागले सहकारी सप्ताह समारोहको समापन समारोह आयोजना गर्यो

सिक्किम सरकारको सहकारी विभागले आज गान्तोकस्थित सहकारी भवनमा सहकारी सप्ताह समारोह 2026 को समापन समारोह आयोजना गर्यो। "सहकार से समृद्धि" राष्ट्रव्यापी अभियानको एक भागको रूपमा June आयोजित हप्ताभरि मनाइने यो समारोह जुलाई 29 देखि शुरु भएको थियो र आज समापन भयो।

सहकारी तथा ग्रामीण विकास मन्त्री अरुण कुमार उप्रेतीले प्रमुख अतिथिको रूपमा सहकारी सप्ताह समारोह सफलतापूर्वक आयोजना गरेकोमा सहकारी विभागको प्रशंसा गरे।

## कुजु फोनिक्स पाइलट प्रोजेक्ट

सिक्किममा आधारभूत साक्षरता र संख्यात्मकता (FLN) लाई सुदृढ पार्ने दिशामा एक महत्वपूर्ण कदम उठाउदै, गान्तोक, नाम्ची र गेजिंगका जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान (DIETs) ले सिक्किमका 30 स्कूलहरूमा चयन गरिएका कक्षा 1 कोठाहरूको लागि संयुक्त रूपमा कुजु फोनिक्स पाइलट प्रोजेक्ट शुरु गरेका छन्।

जुलाई देखि अक्टोबर 2026 सम्म लागू हुने चार महिनाको कार्यक्रम पाइलट रमाइलो, गतिविधि-आधारित र प्रमाण-आधारित कक्षाकोठा अभ्यासहरू मार्फत बालबालिकाको ध्वनि चेतना र ध्वन्यात्मक सीपहरू व्यवस्थित रूपमा विकास गर्न तयार पारिएको हो।

यो पहलले सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामङ र मन्त्री राजु बस्नेतद्वारा व्यक्त गरिएको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ।

## नेपाली साहित्य परिषद् सिक्किमले 212औं भानु जयन्ती भव्य रूपमा मनाउने

'भाषा हाम्रो सभ्यता, भेषभूषा हाम्रो संस्कृति' मूलनारासहित नेपाली साहित्य परिषद् सिक्किमले 212औंपरिषद्का अध्यक्ष हरि ढुङ्गेलेका अनुसार, 13 जुलाईमा गान्तोकस्थित भानु उद्यानमा राज्यपाल ओम प्रकाश माथुरले आदिकवि भानुभक्त आचार्यको प्रतिमामा माल्यार्पण गर्नुहुनेछ।

त्यसपछि मन्त्री अरुण कुमार उप्रेतीको नेतृत्वमा शोभायात्रा निकालिनेछ। मनन केन्द्रमा हुने मुख्य समारोहमा भानु पुरस्कार, सेवा श्री सम्मान, रामायण पाठ, कविता वाचन तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछन्। 7 जुलाईदेखि विभिन्न प्रतियोगितात्मक कार्यक्रम शुरू हुनेछन्। परिषद्ले सबै भाषा, साहित्य र संस्कृतिप्रेमीलाई कार्यक्रममा सहभागी हुन आग्रह गरेको छ।

## सोरेङ जिल्लाले "बेटी बचाओ, बेटी पढाओ" भन्ने नाराका साथ वृक्षारोपण अभियान आयोजना गर्यो

महिला, बाल ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग सोरेङ जिल्लाले "बेटी बचाओ, बेटी पढाओ" भन्ने नाराका साथ लोअर सिंगलिङ श्मशान गृह क्षेत्रमा लगभग 2000 बिरुवा रोप्ने अभियान आयोजना गर्यो।

सोही क्षेत्रमा पहिले वृक्षारोपण गरिएको हुनाले, कार्यक्रममा मरेका बिरुवाहरूको खाली ठाउँ भर्ने र अवस्थित बिरुवाहरूको स्वस्थ वृद्धि र मर्मत सुनिश्चित गर्न वृक्षारोपण स्थलको सफाई पनि समावेश थियो।

## सिक्किम राइज सम्बन्धी पत्रकार सम्मेलन

सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभागले SEED सेलसँगको सहकार्यमा आज वाणिज्य तथा उद्योग विभागमा "विचारहरुलाई साकार पार्नु, उद्यमितालाई आकार दिनु" भन्ने विषयवस्तु अन्तर्गत सिक्किम राइज़ सम्बन्धी पत्रकार सम्मेलन आयोजना गर्यो। यो एक जिल्ला र राज्य स्तरीय विचार मन्थन प्रतियोगिता हो।

यस पहलको उद्देश्य विद्यार्थीहरू, महिला नवप्रवर्तक, कारीगर, ग्रामीण उद्यमी, कृषि-नवप्रवर्तक, प्रारम्भिक चरणका स्टार्ट-अपहरू र स्व-सहायता समूहहरूमा नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गर्नु हो।